# लोक सेवा आयोग

## नेपाल प्रशासन सेवा, लेखा समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति:- २०८०।१०।१७

समयः ३ घण्टा | पत्रःद्वितीय | पूर्णाङ्कः- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. नेपालको आर्थिक प्रशासनमा विभिन्न मानदण्ड र विद्युतीय सूचना प्रणालीको प्रयोग प्रचुर मात्रामा हुँदै आएको छ। यस सन्दर्भमा Nepal Accounting Standard, Nepal Public Sector Accounting Standard, Nepal Financial Reporting System र Nepal Auditing Standard लगायतका मानकहरू तयार गरी कार्यान्वयनमा ल्याइएका छन्। त्यस्तै मन्त्रालयगत सूचना प्रणाली (LMBIS), एकल खाताकोष प्रणाली (TSA), प्रदेश मन्त्रालयगत सूचना प्रणाली (PLMBIS), प्रदेश एकल खाताकोष प्रणाली (PTSA), स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) को व्यवस्था भए तापनि सरकारी लेखा प्रणाली, लेखाङ्कन, प्रतिवेदनहरू उल्लेखित स्वीकृत मानदण्डहरू अनुरूप सही रुपमा हुन सकेन, विभिन्न विद्युतीय सूचना प्रणालीहरूबीच एक आपसमा अन्तरआबद्धता पनि पूर्ण रुपमा हुन सकेन भन्ने भनाई रहँदै आएको सन्दर्भमा यस्तो अवस्था आउनुका मुख्य मुख्य कारण र समस्याहरूको पहिचान गर्दै समस्या समाधान गर्ने उपायहरू कस्तो हुनुपर्ला ? र, कुन कुन निकायले के कस्तो कार्य जिम्मेवारी सम्पादन गर्नुपर्ला ? चर्चा गर्नुहोस्। 15

२. विद्यमान आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यकालीन खर्च संरचना तयार गर्न अनिवार्य गरेको छ। संघीय सरकारले तयार गर्ने मध्यकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको प्रति इकाई अनुमानित लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सो बाट प्राप्त हुन सक्ने प्रतिफलसमेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था ऐनले गरेको छ। त्यसैगरी विद्यमान अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यकालीन खर्च संरचना तयार गर्न अनिवार्य गरे अनुरुप संघीय सरकारले यो खर्च संरचना तयार गर्ने गरे पनि प्रदेश तहमा यस खर्च संरचनाको अभ्यास कमजोर रहेको छ भने कतिपय पालिकाहरूले यो खर्च संरचना तयार गर्नै सकेका छैनन्।

यस सन्दर्भमा बजेटको विश्वसनीयता, पारदर्शिता र सुनिश्चितताका लागि महत्वपूर्ण मानिएको मध्यकालीन खर्च संरचनाको कार्यान्वयन अवस्था उजागर गर्दै यसमा रहेका कमी कमजोरीहरु औंल्याउनुहोस्। साथै, ती कमी कमजोरीका कारणहरु उल्लेख गर्दै उक्त कमी कमजोरी हटाउनका लागि सुधारका उपायहरूको खाकासमेत प्रस्तुत गर्नुहोस्। 5+5+5+5=20

३. नेपालको अर्थतन्त्रमा संरचनात्मक (Structural) समस्या रहेकोले आर्थिक सुधार (Economic Reform) का कार्यक्रम सोंचे जति सफल हुन सकेको छैन भन्ने गरिन्छ। खासगरी न्यून आर्थिक बृद्धि, उच्च मूल्य बृद्धि, बेरोजगारी, उच्च व्यापार घाटा, गरिबी र आय असमानता नै अर्थतन्त्रका विद्यमान प्रमुख समस्याहरू हुन्। आर्थिक वर्ष २०७९/८० मा आर्थिक बृद्धिदर आधारभूत मूल्यमा २.१६ प्रतिशत रह्यो भने उपभोक्ता मुद्रास्फीति ७.७४ प्रतिशत रह्यो। चालु आर्थिक वर्षमा पनि अन्तर्राष्ट्रिय मुद्रा कोष लगायतका संस्थाले लक्ष्यभन्दा कम आर्थिक बृद्धि हुने प्रक्षेपणहरू सार्वजनिक गरेका छन्। बाह्य क्षेत्र सन्तुलनका परिसूचकमा केही सुधार देखिए तापनि त्यसको दिगोपनामा प्रशस्त प्रश्न उठ्ने गरेका छन्। गत वर्ष आयातमा मात्र कमी नभएर निर्यात पनि कमी नै रह्यो। यसरी निर्यात घट्नु राम्रो होइन। रेमिट्यान्सको आप्रवाह बढेर भुक्तानी सन्तुलन धनात्मक रहे पनि भुक्तानी सन्तुलनको दिगोपना र संचित विदेशी मुद्राको उपयोग गर्ने चुनौती रहेको देखिन्छ। परिणामस्वरुप, नेपाललाई दिगो

क्रमशः

विकासका लक्ष्य (SDGs) हासिल गर्न र मध्यम आय भएको देश बन्ने आकांक्षा प्राप्तिमा कठिन हुने अवस्था एकातिर देखिएको छ भने अर्कोतिर अर्थतन्त्रका संरचनात्मक समस्या समाधान गर्नुपर्ने चुनौती टड्कारो देखिएको छ।

प्रस्तुत सन्दर्भमा, नेपालको अर्थतन्त्रका संरचनात्मक समस्याहरूको पहिचान गर्दै उच्च, दिगो र समावेशी आर्थिक बृद्धि दर हासिल गर्न के कस्तो प्रकारको आर्थिक सुधारको आवश्यकता देख्नुहुन्छ ? साथै, यो आर्थिक सुधारको लक्ष्य हासिल गर्न अवलम्बन गर्नुपर्ने सार्वजनिक वित्त र मौद्रिक नीतिको खाका तर्कपूर्ण रुपमा प्रस्तुत गर्नुहोस्। 5+5+10=20

४. महालेखापरीक्षकको पछिल्ला प्रतिवेदनले सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा कायम रहेको चरम बेथिति र बढ्दै गएको वित्तीय अनुशासनहीनतालाई उजागर गरेको छ। सार्वजनिक वित्त व्यवस्थापन, वित्तीय कार्यकुशलता, श्रोत र साधनको दक्षतापूर्ण उपयोग एवम् सार्वजनिक श्रोतको परिचालनमा बैधानिक बिधि र प्रणालीको उपयोगमा देखिएको न्यून जवाफदेहिताको श्रृङ्खलाले निरन्तरता पाएको छ। महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएका अधिकांश विषय तथा मुद्दा नयाँ प्रकृतिका नभई विगतका प्रतिवेदनमा उल्लिखित विषयकै पुनरावृत्ति भएको पाइन्छ।

नेपालको संविधान बमोजिम महालेखापरीक्षकलाई सार्वजनिक आर्थिक क्रियाकलापलाई नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा परीक्षण गर्ने अधिकार रहेको छ। साथै, लेखापरीक्षण ऐन, २०७५ ले लेखापरीक्षणको आधार, बिधि र तरिका पनि निर्दिष्ट गरेको पाइन्छ। उपर्युक्त संवैधानिक तथा कानूनी अधिकार प्राप्त महालेखापरीक्षकको वार्षिक प्रतिवेदन संसदमा प्रस्तुत गरी सार्वजनिक वित्त व्यवस्थापनको सम्बन्धमा विधायकलाई जानकारी गराउने व्यवस्था पनि रहेको छ।

उपर्युक्त सन्दर्भमा सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा कायम रहेका प्रमुख समस्या पहिचान गर्नुहोस्। साथै, लेखापरीक्षणको प्रभावकारीता अभिबृद्धि गर्दै वित्तीय सुशासन कायम गर्न महालेखापरीक्षकको कार्यालय र सार्वजनिक लेखा समितिबीचको समन्वय र सहकार्यको क्षेत्र र बिषय पहिचान गरी सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा वित्तीय सुशासन कायम राख्न गर्नुपर्ने सुधारका लागि विवेचनात्मक सुझाब प्रस्तुत गर्नुहोस्। 6+4+10=20

५. विकास साझेदारको सहयोगमा सञ्चालित अधिकांश विकास आयोजनाको प्रगति निराशाजनक देखिन्छ। आयोजना सञ्चालन प्रणाली, वित्तीय व्यवस्थापन, जनशक्ति परिचालन लगायतका बहुपक्षीय कारणले सहायताको लागत र आयोजना सम्पन्न हुने समय दुबै बढ्दै गएको छ। यसै पृष्ठभूमिमा रहेको छ निर्माणाधीन रानी, जमरा कुलरिया सिँचाइ आयोजना।

तपाई भद्रेश्वर शर्मालाई महालेखा नियन्त्रक कार्यालयले रानी, जमरा कुलरिया सिँचाई आयोजनाको लेखा प्रमुखको जिम्मेवारीमा खटाएको छ। नेपाल सरकार र विश्व बैंकको संयुक्त लगानीमा निर्माणाधीन उक्त आयोजना निर्माणको क्रममा देखिएको असहजताको कारण आयोजनाको लागत र आयोजना सम्पन्न हुने अवधि लम्बिंदै गएको छ। यसका अतिरिक्त उक्त आयोजनाको वित्तीय व्यवस्थापन सम्बन्धी विभिन्न विषय चुनौती ग्रस्त बन्दै गएका छन्। आयोजनाको क्षेत्र विस्तार गर्ने क्रममा थप गरिएको बीस हजार हेक्टर कमाण्ड क्षेत्रको जग्गा प्राप्ति नहुँदै ठेक्का सम्झौता भएको कारण निर्माण व्यवसायी पूर्ण रुपमा परिचालन हुन सकेका छैनन्। निर्माण व्यवसायीले समयमा निर्माणस्थल उपलब्ध नहुँदा आफ्नो मेशिनरी उपकरण र जनशक्ति प्रयोग नभएको कारण दर्शाउँदै निकट भविष्यमा क्षतिपूर्ति माग गर्ने प्रक्रिया अगाडि बढाउँदै छन्। अधिग्रहण गरिएको जग्गाको क्षतिपूर्ति र सार्वजनिक तथा सरकारी जग्गामा बसोबास गरिरहेका भूमिहीन तथा गरिबलाई पुनर्बास गराउन आवश्यक पर्ने रकम व्यवस्थापन गर्न नेपाल सरकारले विनियोजन गर्नुपर्ने रकम अपर्याप्त हुँदा आयोजनाको कार्य प्रभावित भएको छ। आयोजनाको मूल नहर निर्माणको जिम्मेवारी प्राप्त निर्माण व्यवसायीको रनिङ बिल भुक्तानी गर्दा विदेशी मुद्राको विनिमय दरलाई आधार मानी भुक्तानी भएको र रकम कट्टा गर्नुपर्ने महालेखापरीक्षकको वार्षिक प्रतिवेदन बमोजिम विभागले उक्त रकम जम्मा गर्न निर्देशन दिएको तर निर्माण व्यवसायीले सोही विषयमा असहमति राख्दै निर्माण कार्य अवरुद्ध पारेका छन्। कार्य योजना बमोजिम कार्य सम्पादन नभएको कारण परियोजना सञ्चालन सम्बन्धी सम्झौता बमोजिम परियोजनाको वित्तीय र भौतिक प्रगति कम रहेको र ऋण अवधि पनि थोरै रहेकोले शीघ्र कार्य सम्पादनका लागि विश्व बैंकले आयोजनालाई पत्र पठाएको छ।

क्रमशः

परियोजना कार्यान्वयनको प्रगति हालकै अवस्थामा रहेमा आयोजनालाई रुग्ण परियोजनाको सूचीमा समावेश गरी आयोजनामा थप लगानी गर्न नसक्ने व्यहोरासमेत अनौपचारिक माध्यमबाट बैंकले जानकारी गराएको छ। आयोजनाको प्रगति सन्तोषजनक नभएको, शोधभर्ना बापतको रकम समयमा माग नभएको र आयोजना सम्झौता बमोजिम नेपाल सरकार र आयोजनाले निर्वाह गर्नुपर्ने दायित्व पूरा नगरेकोले ठूलो रकम बैंकबाट शोधभर्ना हुन बाँकी रहेको छ। लामो समयदेखि शोधभर्ना बापतको रकम दाबी नगरिएको र दाबी गरिएको रकम प्राप्त गर्न नियमित रुपमा अनुगमन नभएको कारण देखाउँदै अर्थ मन्त्रालयले उक्त रकम शीघ्र प्राप्त गर्न निर्देशन दिनुका साथै शोधभर्ना रकम प्राप्त नभएसम्म आयोजनालाई थप निकासा नदिने व्यहोराको पत्र पठाएको छ।

आयोजना निर्माण थालनी भएको करिब बाह्र वर्ष पूरा भए तापनि आयोजनाबाट कृषकको खेतमा सिँचाई सुविधा पुऱ्याउने अवधि यकीन गर्न सकिएको छैन। आयोजनाको काममा सेवा प्रदान गर्ने आपूर्तिकर्ता र निर्माण व्यवसायीको बील भुक्तानी गर्न बाँकी रहेको र अधिग्रहण गरिएको जग्गाको मुआब्जा रकम पनि समयमा उपलब्ध गराउन नसक्दा आयोजना प्रमुख स्वयम् आयोजनाबाट सरुवा हुन खोजेको देखिन्छ। विकास सहायतामा सञ्चालन भएको राष्ट्रिय गौरवको उक्त आयोजनामा श्रोत र साधनको अभाव हुन नदिने नेपाल सरकारको नीति व्यवहारमा कार्यान्वयन हुन नसकेको परिस्थितिमा तपाईं उक्त आयोजनाको लेखा प्रमुखको जिम्मेवारी सम्हाल्न जाँदै हुनुहुन्छ।

कार्यालयमा काम थाल्नुअघि उपर्युक्त वस्तुस्थितिको आधारमा आयोजनाको प्रमुख समस्यालाई कसरी पहिचान गर्नुहुन्छ ? ती समस्याको कारण के के हुन् भन्ने तपाईंको ठम्याइ रहेको छ ? विकास साझेदारको सहयोगमा सञ्चालन हुने आयोजनामा नेपाल सरकारले निर्वाह गर्नुपर्ने दायित्व र विकास साझेदारको भूमिकाको समीक्षा गर्दै आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने वित्तीय श्रोत र साधनको सुनिश्चिततासहित विकास साझेदारबाट प्राप्त गर्नुपर्ने शोधभर्ना बापतको रकम प्राप्त गर्न नेपाल सरकारले अवलम्बन गर्नुपर्ने रणनीति र क्रियाकलाप उल्लेख गर्दै सोको कार्यान्वयन कार्ययोजना तयार गर्नुहोस्। 5+5+8+7=25

««« समाप्त »»»